## प्रस्तावना र कृतज्ञता ज्ञापन

नेपाली साहित्यको इतिहासमा कविता विधा एउटा सशक्त विधा रहेको छ । नेपाली लहरीकाव्य, कविता विधाकै एउटा महत्वपूर्ण उपविधा हो । नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध (१८७४–१९४०) तिरबाट नेपाली लहरीकाव्यको सिर्जनाक्रम थालिएको र अद्यावधि पनि फाटफुट रूपमा लहरीहरूको रचना र प्रकाशन हुँदै गरेको देखिन्छ । खास गरेर नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध र माध्यमिक काल (१९४१–१९७४) भर तथा आधुनिक कालको पहिलो पहर (१९७५–१९९०) को पहिलो चरण (१९८०) सम्म सवाई, झ्याउरे र शास्त्रीय वर्णमात्रिक छन्दमा भक्ति वा अध्यात्म, शृङ्गार तथा नीति–उपदेश वा सुधार–संस्कार भाव प्रधान प्रशस्त लहरीकाव्यहरूको रचना हुन सकेको देखिन्छ । अनि यस्ता लहरीहरू सबै नै लहरीकारहरूका मौलिक रचना रहेका पाइन्छन् । वस्तुत: वसन्त शर्माको समुद्र लहरी (१९००) देखि महानन्द सापकोटाको मन लहरी (१९८०) सम्म आइपुग्दा नेपाली लहरीकाव्यले आफ्नो स्वरूपको पूर्ण परिचय दिएर नेपाली कविताको परम्परामा एक विशिष्ट स्थान ओगट्न सफल भएको देखिन्छ । प्रस्तुत शोध कार्य समुद्र लहरीदेखि मन लहरीसम्मका उपलब्ध लहरीकाव्य-हरूको परिचय र विश्लेषणात्मक मूल्याङ्कनमा केन्द्रित छ ।

पश्चिम बंगालको दार्जीलिङ जिल्लामा रहेको उत्तर बङ्गाल विश्वविद्यालयको नेपाली विभागमा सन् १९७८ देखि स्नातकोत्तर तहको अध्यापन कार्यमा नियुक्त भएपछि अध्ययन–अध्यापनका सिलसिलामा आनन्द लहरी (आठ भाग; १९७३–७४) जस्ता नेपाली लोकलयको झ्याउरे छन्दमा रचिएका माध्यमिक कालका शृङ्गारिक लहरीहरूले मलाई आकर्षित गरेका हुन् र लहरीकाव्यप्रति मेरो रुचि बढ्दै गएको थियो । यसै अध्ययनका क्रममा गुरुजनहरूसँग यस विषयलाई लिएर चर्चा गर्दा यस

किसिमका लोकलयात्मक काव्य-कृतिहरूको विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक र उपयोगी छ भन्ने सल्लाह र परामर्श पाउँदा नेपाली लहरीकाव्यलाई शोध-विषय बनाई शोधकार्यमा प्रवृत्त हुने उत्साह र प्रेरणा मलाई प्राप्त भयो । यसैको फलस्वरूप ""नेपाली लहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन "" शीर्षकमा सन् १९८२ को डिसेम्बर महिनामा उत्तर बङ्गाल विश्वविद्यालयमा मेरो यस शोध कार्यको रजिष्ट्रेशन (दर्ता) भयो । तर अध्यापन कार्यकासाथै विभागको समुत्थानका निम्ति विभिन्न कार्यमा संलग्न रहनु परेकाले निश्चित अवधिमा प्रस्तुत शोध प्रबन्ध बुझाउन नसकेर २३.१२.१९८७ मा शोध प्रबन्धको पुन: रेजिष्ट्रेशन गर्नु परेको कुरा पनि म यहाँ विनम्रताकासाथ उल्लेख गर्न चाहन्छु ।

विश्वविद्यालयमा शोध दर्ता गर्दा शोध प्रबन्धको शीर्षक ""नेपाली लहरी साहित्यको परिचय र विश्लेषणात्मक मूल्याङ्कन "" राखिएको भए तापनि अध्ययन-अनुसन्धान गरेर हेर्दा गद्यमा लहरी कृतिहरूको रचना हुन नसकेको पाइएकाले प्रस्तुत शोध प्रबन्धलाई लहरीकाव्यहरूको परिचय र विश्लेषणात्मक मूल्याङ्कनमा केन्द्रित राखिएको कुरा पनि म यहाँ विनम्रताकासाथ उल्लेख गर्दछु ।

प्रस्तुत शोध प्रबन्धमा काव्य-कृतिहरूको रचना काल एवं प्रकाशन काल बताउन तथा कवि वा लहरीकारहरूको जन्म-मृत्यु काल बताउन यथासम्भव विक्रम संवत्को प्रयोग गरिएको छ र कताक स्थलहरूमा चाहिँ ईस्वी सन्को प्रयोग भएको छ । ईस्वी सन् प्रयोग गरेका स्थलहरूमा साल बोधक सङ्ख्याका अगाडि "सन् " लेखिएको छ र विक्रम साल बुझाउन चाहिँ कुनै प्रकारको सङ्केत शब्दको प्रयोग गरिएको छैन । कताक स्थलमा चाहिँ लेखन शैलीको सिलसिला कायम गर्न विक्रम संवत् अथवा वि.सं. प्रयोग गरिएको कुरा उल्लेख्य छ ।

यस शोध प्रबन्धको मूलपाठ अन्तर्गतका पाद टिप्पणीमा प्रकाशन स्थान र साललाई कोष्ठाङ्कित नगरिएको र प्रमुख सन्दर्भ ग्रन्थ विवरण अन्तर्गत चाहिँ प्रचलित प्रविधि अनुसार तिनलाई कोष्ठाङ्कित गरिएको छ ।

प्रस्तुत शोध कार्यको थालनीदेखि लिएर यसलाई अन्तिम रूप दिन मलाई सर-सल्लाह दिने, शोध प्रबन्धको रूपरेखा तयार गर्न मलाई सघाउने तथा यसका निम्ति चाहिने सामग्री सङ्कलन गर्न मलाई हरतरहले सहयोग गर्ने एवं यथोचित निर्देशन दिएर मलाई शोध प्रबन्ध प्रस्तुत गर्न उत्साहित र प्रेरित गर्ने मेरा गुरुजन तथा सहयोगी विद्वान-मित्रहरूको ऋण स्वीकार गर्दै उहाँहरूप्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

आफ्ना अनेकौं व्यस्तताका बीचमा अलिकति पनि झिँझो नमानिकन मलाई प्रस्तुत शोध प्रबन्धको रूपरेखा तयार पार्नदेखि लिएर आफ्नो घरेलु पुस्तकालय अध्ययन गर्न दिनुकासाथै सदैव स्नेहसिक्त सर-सल्लाह दिएर मलाई शोध कार्यमा संलग्न बन्न उत्साह र प्रेरणा दिने मेरा श्रद्धेय गुरु डा. वासुदेव त्रिपाठी र डा. चूडामणि बन्धु (त्रि.वि.वि.) हरूप्रति म चिर ऋणी छु । उहाँहरूको स्नेहसिक्त प्रेरणाले गर्दा नै मैले प्रस्तुत शोध प्रबन्धलाई यो रूप दिन सकेको छु । त्यसैले उक्त गुरुजनहरूप्रति म श्रद्धासहित आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध प्रबन्ध तयार पार्न चाहिने एकाध सामग्रीहरूको जानकारी दिने विद्वान शरद्चन्द्र शर्मा भट्टराई (काठमाडौं), डा. लक्ष्मीदेवी सुन्दास (दार्जीलिङ) तथा विष्णुलाल उपाध्याय (असम) हरूप्रति पनि म आभारी छु र उहाँहरूप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । यस्तै छात्र हरिप्रसाद तामाङ्ले पनि केही सामग्री एवं तथ्यहरू सङ्कलन गरिदिएर मलाई प्रस्तुत शोध प्रबन्ध तयार पार्न सहयोग पुऱ्याएको हुनाले उहाँलाई पनि साधुवादसहित यहाँ स्मरण गर्न चाहन्छु ।

प्रस्तुत शोध प्रबन्धका निम्ति चाहिने अधिकांश सामग्रीहरू मैले मदन पुरस्कार पुस्तकालय (ललितपुर, काठमाडौं) बाट सङ्ग्रह गरेको छु । मदन पुरस्कार पुस्तकालय-का अध्यक्ष कमल दीक्षितज्यूले मलाई त्यहाँ अध्ययन गर्ने परिबन्ध मिलाइदिएकामा उहाँप्रति र उक्त पुस्तकालयका वासुदेव शर्मा लुइँटेलज्यू लगायत अन्य कर्मचारीहरूप्रति

पनि म हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको केन्द्रीय पुस्तकालय तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (काठमाडौं) को पुस्तकालय एवं उत्तर बङ्गाल विश्वविद्यालयको पुस्तकालयबाट पनि मैले प्रस्तुत शोध कार्यका निम्ति पर्याप्त सहयोग प्राप्त गरेको छु । उक्त पुस्तकालयका अध्यक्ष एवं कर्मचारी-हरूले कुनै झन्झट नमानिकन मलाई आवश्यक पुस्तक एवं पत्र-पत्रिकाहरू उपलब्ध गराउन सहयोग गरेकामा उहाँहरू सबैप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको अध्ययन एवं लेखन कार्यका निम्ति मलाई प्रोत्साहित गर्दै बेला बखत छुट्टीको व्यवस्था गरिदिएकामा उत्तर बङ्गाल विश्वविद्यालयका उपकुलपति प्रो. दीप्ति भूषण दत्त (सन् १९८२-१९८८ अगस्ट) र प्रो. के.एन. चटर्जी (सन् १९८८ अगस्ट) तथा रजिष्ट्रार डा. तापस चटर्जीहरूप्रति पनि म आभार व्यक्त गर्दछु । यसकासाथै विभागका मेरा सहकर्मी साथी लक्ष्मीकान्त शर्मा (रिडर); मोहन-प्रसाद दाहाल र शान्तिराम शर्मा एवं कृष्णराज घतानी (लेक्चररहरू) तथा घनश्याम नेपाल (हाल बनारस हिन्दु विश्वविद्यालय; रिडर) हरूले पनि मलाई यस कामका-निम्ति गरेको सहयोग सदैव स्मरणीय छ र यसकानिम्ति म उहाँहरूप्रति पनि कृतज्ञ छु ।

आफ्नो वृद्धावस्थामा पनि कुनै किसिमको तकलीफ अनुभव नगरिकन मलाई प्रस्तुत शोध प्रबन्ध तयार पार्ने सदैव पथप्रदर्शक आवश्यक सामग्री सङ्कलनगर्नेदेखि लिएर यथोचित सर-सल्लाह र मार्गनिर्देशन गर्ने आफ्ना आदरणीय शोध निर्देशक डा. तुलसीबहादुर छेत्रीज्यूप्रति म चिर आभारी छु । उहाँले यस शोध प्रबन्धबारे गहकिलो मन्तव्य पनि लेखिदिएर मलाई कृतार्थ तुल्याएकोमा म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध प्रबन्ध तयार गर्ने क्रममा मैले जुन-जसका कृतिहरूको अध्ययन गरेको छु र जुन-जसका कृतिहरूबाट उद्धरण लिएको छु ती सबै लेखक, कवि एवं विद्वान-समालोचकहरूप्रति पनि म सादर आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्यमा संलग्न रहन र शोध प्रबन्ध तयार पारी सकाउनमा मलाई सदैव प्रेरणा दिने मेरी पत्नी श्रीमती मत्स्यादेवी लगायत मेरा अन्य आत्मीय स्वजनहरूको सहयोग पनि उल्लेख्य रहेको छ । शोध कार्यका निम्ति मलाई हरतरहले सघाउने सहयोगी-मित्र भीमलाल खापकोटा, कमल शर्मा एवं अन्य शुभेच्छुकहरूलाई पनि म यहाँ सादर संझना गर्दछु । श्रीमती गड्गा शर्मा (निरौला) ले प्रस्तुत शोध प्रबन्धका केही परिच्छेदहरूको मस्यौदा टङ्कन गरिदिएर मलाई उपकृत तुल्याएको कुरा पनि म यहाँ उल्लेख गर्दछु । प्रस्तुत शोधकार्यको सिलसिलामा बेला-बखत काठमाडौं जाँदा त्यहाँ बस्नेखादिको व्यवस्था मिलाइ दिएर मलाई यस कार्यमा सहयोग गरेकोमा मेरा आत्मीय बन्धु भीनप्रसाद उपाध्याय एवं श्रीमती रञ्जुदेवी उपाध्यायलाई पनि म यहाँ आन्तरिकताकासाथ संझना गर्दछु । परिश्रमपूर्वक प्रस्तुत शोध प्रबन्धको टङ्कन गरिदिने रवि कुमार स्थापितलाई पनि म हार्दिक धन्यवाद दिन्छु ।

मिति:- ११.४.१९९२

भीमकान्त उपाध्याय
भीमकान्त उपाध्याय
नेपाली विभाग
उत्तर बङ्गाल विश्वविद्यालय
राजा राममोहनपुर, दार्जीलिङ् ।

## शोध प्रबन्धमा प्रयुक्त शब्द-संक्षेप

| शब्द-संक्षेप | सङ्केतित शब्द |
| --- | --- |
| अनु. | अनुवादक । |
| अमृत फल. | अमृत फल वैरागी स्वामी । |
| इ. | इत्यादि |
| क.सं. | कविता सङ्ग्रह । |
| उ.बं.वि.वि. | उत्तर बङ्गाल विश्व विद्यालय । |
| तै.सं. | तेस्रो संस्करण । |
| तृ.सं. | तृतीय संस्करण । |
| त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय । |
| ष.सं. | षष्ठम / षष्ठौं संस्करण । |
| चौ.सं. | चौथो संस्करण । |
| द्वि.सं. | द्वितीय संस्करण । |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान । |
| ने.सा.सं. | नेपाली साहित्य सम्मेलन । |
| पृ. | पृष्ठ । |
| प्र.का. | प्रकाशन काल । |
| प्रका. | प्रकाशक । |
| प्रा.लि. | प्राइवेट लिमिटेड । |
| र.का. | रचना काल । |
| वि.सं. | विक्रम संवत् । |
| श्लो. | श्लोक । |
| सम्पा. | सम्पादक । |